स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रेखा थापाले निर्माण गर्न लागेको आगामी फिल्मको नाम 'उपहार' तय भएको छ । मंगलबार चलचित्र विकास बोर्डमा उक्त शीर्षकमा फिल्म दर्ता गर्दै रेखा फिल्म्सले फिल्मबारे औपचारिक जानकारी गराएको हो । यो लभस्टोरी र सोसल ड्रामालाई ज्ञानेन्द्र देउजाले निर्देशन गर्दैछन् । बोर्डमा दर्ता भएको विवरणअनुसार रेखा फिल्म्स र कपनगाढी ब्यानरमा फिल्म निर्माण हुन लागेको हो । बोर्डमा कलाकारको नाम रेखा थापा, पूजा शर्मा र सुलभ प्रतीक देउजा राखिएको छ ।

आजको विचार...



राजनीति...

(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल



अभिनेत्री शिल्पा मास्केले फिल्मको सफलता अनुभव गर्न पाएकी छैनन् । हलिउड र बलिउड फिल्म हुँदै 'द ब्रेकअप'बाट नेपाली फिल्ममा भित्रिएकी उनले अभिनयमा राम्रो सम्भावना देखाए पनि फ्लप श्रृंखलाले छाँयाभैं पछ्याइरहेको छ । यही असार १५ गतेबाट प्रदर्शनमा आएको फिल्म 'परस्त्री'बाट उनलाई ठूलो आशा थियो । भारतमा प्रदर्शन हुने चर्चाले फिल्मलाई फाइदा पुग्ने उनको विश्वास थियो । फिल्म न नेपालमा चम्किन सक्यो न भारतमा । यो उनका लागि ठूलो धक्का हो ।

❐ वर्ष २८ ❐ अंक ३३८ ❐ २०८० असार २१ गते बिहीबार 6 July 2023, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### लुम्बिनीमा सरकार र विपक्षीबीच सहमति





**पाल्पा,** असार २०/लुम्बिनी प्रदेश सरकारमा सरकार र विपक्षीबीच सहमति भएको छ । लामो समयदेखि बजेटका विषयमा असहमत हुँदै आएका प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) र सरकारबीच सहमति भएको हो ।

विपक्षी दलले उठाएका विषय मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेशसभामा सम्बोधन गर्ने र विपक्षीले पनि बुधबारदेखि प्रदेशसभाको बैठक सञ्चालन गर्न दिने सहमति भएको छ ।

बैठक बहिष्कार गरेर बाहिरिएको एमालेसँग मुख्यमन्त्री चौधरी र सभामुख तुलाराम घर्तीले वार्ता गरेर सहमति जुटाएका हुन् । बजेट उपर असहमति जनाएर लगातार सदन अवरुद्ध गर्दै आएको प्रमुख प्रतिपक्षी दल एमालेले प्रदेशसभाको मंगलबार बसेको दोस्रो बैठकमा पनि विरोध जनाएको थियो । बहिष्कारपछि मंगलबार राति दुवै पक्षबीच वार्ता भएको थियो ।

# प्रविधिले गोरू विस्थापित

**प्रविधिको बढ्दो प्रयोगले गाउँघरमा गोरूपालन गर्ने चलन छैन । परम्परागत तवरले गोरुका माध्यमबाट रोपिने धान अहिले कृषि यान्त्रिकीकरणको सहायताबाट रोपिन थालेपछि गोरुपालन गर्न किसानले छाडेका हुन् । एक हल गोरूले दिनभर गर्ने काम पावर टिलर, मिनिटिलर, ट्याक्टरबाट छोटो समयमा सम्पन्न हुने हुँदा यसप्रति कृषकको आकर्षण बढेको हो ।**

**रासस**

**रामपुर (पाल्पा),** असार २०/असार सुरू भएपछि खेतमा हलगोरू नारेर धान रोप्ने प्रचलन थियो । सबै जसो घर-घरमा कम्तीमा एक हल गोरू पालिएकै हुन्थ्यो । असार लागेपछि पालैपालो गाउँमा गोरूले खेत हिलो गर्ने र धान रोप्ने चलन रहे पनि अहिले भने यो गाउँमा हराइसकेको छ । ट्याक्टर तथा पावर टिलर, मिनिटिलर नपुग्ने ठाउँमा छिटफुट रूपमा गोरूको प्रयोग रहेता पनि पाल्पाका सबैजसो ठाउँमा किसानले प्रविधिको प्रयोग गर्न थालेको पाइएको छ ।



हल गोरूको ठाउँमा विभिन्न मेसिनरी प्रविधिको प्रयोग आएपछि असार लागे पनि विगतका वर्षमा जस्तो पछिल्ला वर्षमा चटारो हुन छाडेको पाल्पा रामपुरका धनराज श्रेष्ठ बताउँछन् । 'बिहान सबेरै खाना खाएर रात नपरून्जेलसम्म खेतमा जोतेर राति अबेर मात्रै घर फर्कने गरिन्थ्यो, पालो अनुसार गाउँमा सबैका खेतमा पुगेर गोरूले हिलो गरेर धान रोपिन्थ्यो, यसरी धान रोप्दा छुट्टै आनन्द लाग्थ्यो भने हामीलाई खेत जोतेर असारमा राम्रै कमाई गर्ने माध्यम बन्थ्यो', उनले भने । ट्याक्टर गाउँमा नभित्रिँदासम्म उनलाई बर्खायाम सुरू भएपछि खेतमा धान रोपाइँ गर्न भ्याइनभ्याइ हुन्थ्यो । अहिले भने श्रेष्ठका दिन फुर्सदिला बनेका छन् । अर्कोतर्फ गाउँमा युवा जनशक्तिको अभाव छ । युवा जनशक्ति अध्ययन, रोजगार, विभिन्न पेसा, व्यवसाय तथा विविध कामको सिलसिलामा गाउँदेखि सहर, बजार तथा विदेशमा छन् । गोरूपालन तथा गाउँका खेतबारी जोत्ने व्यक्तिको अभाव छ । समयानुकूल विभिन्न प्रविधिको विकास, गाउँमा सडक पुगेपछि परम्परागत पेसा हराउन पुगेको हो । प्रविधिको बढ्दो प्रयोगले गाउँघरमा गोरूपालन गर्ने चलन छैन । परम्परागत तवरले गोरूका माध्यमबाट रोपिने धान अहिले कृषि यान्त्रिकीकरणको सहायताबाट रोपिन थालेपछि गोरूपालन गर्न किसानले छाडेका हुन् । एक हल गोरूले दिनभर गर्ने काम पावर टिलर, मिनिटिलर, ट्याक्टरबाट छोटो समयमा सम्पन्न हुने हुँदा यसप्रति कृषकको आकर्षण बढेको हो । आकाशेपानी परेका मौका छोपेर धान रोप्नुपर्ने भएकाले एक दशकयता गोरूले खेत जोत्न छाडेको देवराज अर्याल बताउँछन् । उनी भन्छन्, 'पहिला घरमा गोरू पालेर थोरै-थोरै दिनमा खेत हिल्याएर धान रोप्न तयार पारिन्थ्यो, अहिले खेतमा ठूला ट्याक्टर जान थालेपछि घरमा पालिएका गोरू हटाइयो, पानी परेपछि एकैपटक हिलो गरेर धान रोप्ने गरिएको छ ।' छोटो समयमा धेरै काम सम्पन्न हुने भएपछि गोरूको ठाउँमा पावर टिलर, मिनिटिलर, ट्याक्टर लगाएर धान रोपाइँ गर्न थालेको अर्यालले बताए । कम लगानीमा काम छिटो सम्पन्न हुने भएपछि कृषकलाई धान रोपाइँ गर्न सजिलो भएको छ । गोरूले रोपाइँ गर्दा एक हप्ता दश दिन अघिदेखि हल, खेतालाको बन्दोबस्त गर्नुपथ्र्यो । कृषकलाई लागत पनि बढी पर्दछ भने समयमा नै हलगोरू नपाउँदा कृषकले निकै दु:ख भोग्नुपथ्र्यो । यस समस्याबाट पनि कृषक अहिले मुक्त भएका छन् ।

(...बाँकी अन्तिम पेजमा)

# मानवअधिकार वर्ष पुस्तक २०२४ को पूर्व समीक्षा



**कृष्ण पोखरेल**

**पाल्पा,** असार २०/अनौपचारीक सेवा क्षेत्र इन्सेक पाल्पाले नेपाल मानवअधिकार वर्ष पुस्तक २०२४ को लागि अर्धवार्षिक पूर्व समीक्षा गरेको छ । समीक्षामा जिल्लाको मानवअधिकारको अवस्था बारेयहाँका राजनीतिक दल, पत्रकार, उपभोक्ता, विभिन्न अधिकारकर्मीहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधीहरुबिच अन्तर्क्रिया गरिएको छ । कार्यक्रममा सहभागीहरुले पाल्पामा हरेक विषयबस्तुमा मानवअधिकारको हिसावले हेर्दा स्थिती डरलाग्दो रहेको बताएका छन् । कार्यक्रममा सहभागी वक्ताहरुले औपचारिकता भन्दा पनि कार्यान्वयन हुने तरीकाबाट छलफल तथा अन्तर्क्रिया हुनुपर्नेमा जोड दिएका थिए । संविधानमा लेखिएका कुराहरु कार्यान्वयनमा नआउनु पनि सरकार र राज्यपक्षबाटै मानवअधिकारको गम्भिर हनन् भएको सहभागीहरुले बताए । सबै मानिसलाई गाँस, वास र कपासको सही व्यबस्थापन गर्न सकेमा मानवअधिकार उलङ्घनका घटनामा कमी आउनेमा बक्ताहरुले जोड दिए ।

-बाँकी अन्तिम पेजमा

# तानसेन खानेपानी उपभोक्ता तदर्थ समिति गठन

## राजनीतिक दलले जनाए आपत्ति

**पाल्पा,** असार २०/तानसेन नगर सरकारले तानसेन खानेपानी उपभोक्ता समिति विघटन गरी तदर्थ समिति गठन गरेको छ । उपभोक्ता समिति गैरजिम्मेवार र अवैधानिक रुपमा चल्दा उपभोक्ताले खानेपानीको चरम अभाव भेल्नु परेपछि नगर सरकारले पुरानो समिति विघटन गरी तदर्थ समिति गठन गरेको हो ।



नगर सरकारले उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य मोहनप्रसाद श्रेष्ठलाई तदर्थ समिति अध्यक्षको जिम्मेवारी दिएको छ । नगरपालिकाका प्रवक्ता यादवसिंह कार्कीले तानसेनका उपभोक्ताहरूको भेलाबाट भएको निर्णयअनुसार नगर कार्यपालिकाको बैठकले श्रेष्ठको अध्यक्षतामा सात सदस्यीय तदर्थ समिति गठन गरिएको बताए । उनका अनुसार समितिको सदस्यहरूमा राधेश्याम ज्ञवाली, लालमने अधै पुन, सन्तोषकुमार नेपाल, डिलकुमारी शर्मा, दुर्गादेवी भट्टराई र महेन्द्रबहादुर खाती रहेका छन् । असार १३ गते तानसेनमा सम्पन्न उपभोक्ताको भेलाले पुरानो समिति विघटन गरी नगरपालिकालाई जिम्मेवारी दिएको थियो । तीनवर्षे कार्यकाल रहेको उपभोक्ता समितिले २०७३ पछि निर्वाचन गर्न सकेको थिएन । वर्षौंदेखि साधारणसभा र अधिवेशनबिनै सञ्चालन भएको उपभोक्ता समितिले आफूखुसी अधिवेशन गर्न लागेपछि नगर सरकारले आम भेलामार्फत उपभोक्ताको सुझाव लिएको थियो । भेलमा तानसेनवासीले उपभोक्ता समिति खारेज गरी नगर सरकारले जिम्मा लिनुपर्ने बताएका थिए । उनीहरुले वर्तमान खानेपानी उपभोक्ता समिति गैरजिम्मेवार बनेका कारण खानेपानीको समस्या वर्षौंदेखि भेल्नु परेको भन्दै समिति खारेज गरी नगर सरकार मातहत ल्याउनुपर्ने बताए पनि नगर सरकारले तदर्थ समिति गठन गरेको हो ।

### राजनीतिक दलको आपत्ति

तानसेन नगर सरकारले उपभोक्ताको सुझाव विपरीत तदर्थ समिति गठन गरेकोमा जिल्लाका राजनीतिक दलहरुले भने आपत्ति जनाएका छन् । नगरपालिकाले प्रजातान्त्रिक विधिबाट उपभोक्ता समिति गठन गर्नुपर्नेमा जनताको आकांक्षा विपरित तानसेन खानेपानी उपभोक्ता तदर्थ समिति गठन गरेकोप्रति राजनीतिक दलहरुले आपत्ति जनाएका हुन् । नेकपा एमाले जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टी सह-संयोजक सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका, अध्यक्ष डुलबहादुर कुंवर, जनता समाजवादी पार्टीका अध्यक्ष खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्ति पार्टीका अध्यक्ष नारायणबहादुर कुंवरले संयुक्त विज्ञप्ति निकाली नगर सरकारको कदमप्रति आपत्ति जनाएका छन् । उनीहरुले स्थानीय सरकार अन्तर्गत तानसेन नगरपालिकाले प्रत्यक्ष रुपमा सञ्चालन गरोस् भन्ने चाहाना उपभोक्ताहरुको रहे पनि नगर सरकारले एकाएक तदर्थ समिति गठन गरेको कामप्रति आफुहरुको असहमी रहेको बताएका छन् ।

'तानसेन नगरवासीले खानेपानी व्यवस्थापनका लागि तानसेन नगरपालिकाले प्रत्यक्ष नेतृत्वमा सञ्चालन गरोस् भन्ने उद्देश्यका साथ यहाँका उपभोक्ताहरु र सर्वदलीय विभिन्न बैठकहरुमा छलफल चलिरहेको थियो । आमभेला, राजनीतिक दलहरुसंग राय-परामर्श लिएको र अहिले सबैको धारणा हेर्दा स्थानीय सरकार अन्तर्गत तानसेन नगरपालिकाले प्रत्यक्ष रुपमा सञ्चालन गरोस् भन्ने चाहाना रहेको छ । अहिले एकाएक नगरपालिकाले प्रजातान्त्रिक विधिबाट उपभोक्ता समिति गठन गर्नुपर्नेमा जनताको आकांक्षा विपरित तानसेन खानेपानी उपभोक्ता तदर्थ समिति गठन गरेको कामप्रति हाम्रो असहमी रहेको छ । विधि सम्वत् तरिकाले सबै उपभोक्ताहरुको सहभागिता बिना नयाँ समिति गठन वा नगरपालिकाले प्रत्यक्ष सञ्चालन गर्ने बाहेक अन्य गतिविधिहरुमा हाम्रो सहभागिता नरहने जानकारी गराउछौं' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बजेटको विरोध होइन कार्यान्वयनमा जोड देऊ

संघीय र प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट माथि विरोध भरहेको छ । संसदमा बजेट माथि व्यापक छलफल हुनुपर्नेमा विरोध मात्रै हुनु दुःखद् हो । लुम्बिनी प्रदेश सरकारले ल्याएको बजेटमा प्रतिपक्ष दल एमालेका सांसदहरुले विरोध गरेका छन् । बजेट माथि छलफलका लागि बोलाइएका बैठकहरु उनीहरुका कारण पटक पटक स्थगित हुन पुग्यो । सोमबारको बैठकमा भने एमालेको विरोधका बिच छलफल सकिएको छ । उता संघीय सरकारले ल्याएको बजेटमा समेत प्रतिपक्ष दलहरुले विरोध जनाएका छन् । बजेट माथि लामो समय छलफल भएपनि त्यसले निकास दिन सकिरहेको छैन ।

संघ र प्रदेशका अर्थमन्त्रीले एक्लै आफ्नो मात्र तजबिजमा बजेट बनाएका अवश्य होइनन् । बजेट निर्माणका क्रममा दर्जनौं पटक छलफल भएको हुनुपर्छ । बजेटमाथि अहिले सांसदहरूले गरेको विरोध मुलुकको आर्थिक विकास र सर्वसाधारणको हितका लागि देखिँदैन । आफ्नो गृहजिल्ला वा निर्वाचन क्षेत्रमा बजेटका कार्यक्रम र रकम दुवै कम परेकोमा गरिएको यो विरोध हो । कुनै पनि सांसदले मुलुकका लागि यो विरोध गरेका होइनन् । यो विरोध राष्ट्रहितमा भने पक्कै छैन । व्यक्तिहित, पार्टीको स्वार्थ र भोलिको निर्वाचनलाई हेरेर विरोध गरिएको हो । यो आफैमा गलत कार्य हो । बजेटमा न्यायोचित वितरण भएन भन्नेहरूले नै कहाँ र कसरी न्यायोचित भएन ? भन्न सकेका छैनन् । त्यसैले पनि विरोधको कुनै तुक छैन । बजेट कस्तो आयो भन्दा पनि यसको कार्यान्वयन सबैभन्दा महत्वपूर्ण विषय हो । बजेटमा कार्यक्रम बनाउने र रकम विनियोजन गर्ने तर कार्यान्वयन भएन भने यसको कुनै औचित्य हुँदैन । कुनै पनि बजेटमा लुछाचुँडी गर्नुभन्दा जे–जति कार्यक्रम राखिएका छन् तीनलाई कम्तीमा कार्यान्वयन गराउनेतर्फ सांसदहरूको ध्यान जानुपर्छ । बजेट ल्याउने तर कार्यान्वयनमा ध्यान नदिँदा हरेक वर्ष घोषणा गरेका कार्यक्रम प्रभावकारी रूपमा लागू हुन सकेका छैन । हरेक जिल्लामा पर्याप्त बजेट विनियोजन गरिएको हुन्छ तर तिनै कार्यक्रम अधुरै रहन्छन् । यो दुःखद् हो । यसर्थ हरेक सांसदहरूले बजेट माथि विरोध होइन कार्यान्वयन गर्न दवाब दिन जरुरी छ ।

## Opinion @ Social Network

भोलि कहिल्यै आउँदैन भन्ने थाहा छ
तर पनि जिन्दगी भोलि त राम्रो होला नि भन्ने आशमा कट्दैछ ।


*(प्रमोदजंग क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com//pramodjung.chhetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीति फाँटमा ढलेको टौवा हो ?



**प्रा.देवीभक्त ढकाल**

आजको फरक प्रसंगको विषयवस्तुको छनौट कसैलाई होच्याउने वा कसैको घाउमा नुनचुक छर्ने दृष्टिकोणले किमार्थ होइन । नितान्त आफूले नजानेका विषयलाई जान्न र सिक्नका लागि छलफलको वातावरण बनोस् भन्ने अभिप्राय हो । यो छलफल र विचारको विनिमयको अभ्यास हो । प्रस्तुत जिज्ञासाको उत्तर अनुमानमा भन्दा उदाहरणका साथ तथ्यमा प्राप्त हुन्छ भन्ने मेरो अपेक्षालाई विज्ञ, विशेषज्ञ र जानिफकारबाट पक्कै आत्मसात हुनेछ । पूर्वपत्रकार तथा वर्तमानमा भरखरै अस्तित्वमा आएको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने चितवन-२ मा २०८० वैशाखको उपनिर्वाचनबाट निर्वाचित संघीय संसद्मा प्रतिनिधित्व गर्ने माननीय हुन् । यसअघि-२०७९ मंसिरमा भएको निर्वाचनमा उनै निर्वाचित भएका थिए तर उनी नागरिकता विवादमा मुछिएका रहेछन् । नागरिकता काण्डकै कारण सर्वोच्च अदालतको फैसलाले माननीयको पदबाट मुक्त गरिए । नागरिकता विवादका कारण सर्वोच्च अदालतले उनलाई माननीय हुन अयोग्य ठहराएकाले माननीयको पद सँगसँगै उपप्रधान र गृहमन्त्रीको पदमात्रै गएन उनले नेतृत्व गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको अध्यक्षको पद पनि गयो । उनी त्यस बखत देशको कानुन अनुसार नेपाली नागरिक नै ठहरिएनन् । ठहरिएका भए उनको माननीय पद जादैनथ्यो । उम्मेदवारी दर्ता गर्ने व्यक्तिको नागरकिताको विषयमा सोधखोज छानविन आदिको तहकिकात गर्ने निकाय भनेको निर्वाचन आयोग हो । आयोगमा प्रमुख आयुक्तसमेत अन्य आयुक्तका अतिरिक्त कर्मचारीको तर्फबाट आयोगको काम सम्पन्न हुन्छ । तर, निर्वाचन आयोगद्वारा सम्पन्न कामको नैतिक जिम्मेवारी भने प्रमुख निर्वाचन आयुक्तले लिनुपर्छ । म यो निर्वाचन क्षेत्रको मतदाता भएकाले यस विषय मेरो प्राथमिकतामा पर्‍यो । रवि त्यही क्षेत्रबाट अत्याधिक मत ल्याएर निर्वाचन जित्ने चर्चित माननीय बने ।

पहिलोपटक माननीयको निर्वाचन जितेर रवि लामिछाने एक्कासि उपप्रधानमन्त्री हुँदै गृहमन्त्रालयको जिम्मेवारी पाए । बहुदलीय शासनमा कुनै एक दलले बहुमत नपाउँदा साना पार्टीका नेताले पनि ठूलो पद पाउँछन् भन्ने उदाहरणीय हुन् रवि । मलाई लाग्छ राजनीतिमा नितान्त नयाँ र अनुभवशून्य मानिसलाई यस्तो उच्च पद बिरलैलाई प्राप्त भएको होला । उनी चितवन-२ नम्बर क्षेत्रका स्थायी बासिन्दा पनि होइनन् । न उनको पार्टीको संगठन थियो न राजनीतिको अनुभव । कांग्रेस, एमालेका उम्मेदवारलाई यसरी लतारे कि उनको विरुद्धमा अघिल्लो निर्वाचनमा प्रतिस्पर्धा गर्ने कांग्रेस र एमालेका उम्मेदवारहरूले उपनिर्वाचनमा दोहोरिनसम्म हिम्मत गरेनन् । उम्मेदवार हुने कांग्रेस र एमालेलेका उम्मेदवारमा आफूले जित्ने आशासमेत नभएको स्थितिमा उम्मेदवार बने । उनीहरूको हार भयो भने रविको ऐतिहासिक जित । यही विषयमा सानु आलेखमा सम्भव नभए पनि मोटामोटी कारण, परिणामलाई भने समीक्षा गर्नै पर्छ । विगत लामो अवधि शासनमा रहेका कांग्रेस, एमाले र माओवादी पार्टीका नेताहरूको भ्रष्ट प्रवृत्ति, नातावाद, कृपावादको नीतिले आजित मतदाताहरूको चरम असन्तुष्टिलाई लामिछानेले एउटै वाक्यमा सम्बोधन गरे । त्यो हो यसअघि भ्रष्टाचारमा मुछिएका ठूला पार्टीका ठूला नेताहरूलाई जेल कोच्ने उनको प्रतिबद्धताले नै चितवन-२ का जनताले दुई-दुई पटक विजयको ताज पहिर्‍याए भने ठूला भनिने दललाई झापड हाने । रवि लोकप्रिय भएर जनताले उनलाई मतदान गरेका होइनन् । ठूला पार्टीका नेताहरूको भ्रष्ट र नीच कार्यशैली र व्यवहारप्रतिको चरम असन्तुष्टिको प्रकटीकरण हो । पुष्पकमल दाहालजस्तो राजनीतिमा स्वघोषित सिंहलाई रविको उम्मेदवारीले गोरखा धपायो । त्यसले ठूला दलका नेताहरूको राजनीतिक धरातल कति कमजोर छ भन्ने प्रमाणित गर्छ । रविले पाएको मत ठूला पार्टीहरूप्रति जनताको असन्तुष्टिको संकेत हो । तर, रविको पार्टीले भ्रष्टाचार र कुशासनका विरुद्धमा जबर्जस्त आवाज उठायो, जनतालाई विश्वास दिलाउन सक्यो भने र पार्टीमा अन्य पार्टीहरूमा गनाएका मानिसलाई प्रवेश नदिइकन देशका युवाहरूलाई जोड्न सकेमा आगामी-२०८४ को निर्वाचनमा नेपालको राजनीतिको जोडघटाउको वर्तमान समीकरण नितान्त भिन्न हुन्छ । ठूला पार्टीहरू सुनुभन्दा दिनदिनै अलोकप्रिय हुने काम गर्छन् । तसर्थ नयाँ पार्टीलाई २०८४ मा चिट्ठा पर्ने विषय किमार्थ काल्पनिक नहोला ।

एउटा अनौठो विषय २०७९ को निर्वाचनमा उदाहरणीय मत ल्याएर विजयी व्यक्ति माननीय बन्न नै अयोग्य भएको फैसला अदालतले दियो । परिणामस्वरूप उनी उपप्रधानमन्त्री, माननीय र पार्टी सभापतिबाट समेत अपदस्थ भए । अदालतले गरेको निर्णयमा प्रश्नचिफन नलाग्ने भएकाले उनी स्वयंले अनागरिक भएँ भन्ने अभिव्यक्ति दिए । सबै पदहरूबाट हात धुन बाध्य भए, उनको माननीयको सिटमा पुनः उपनिर्वाचनको घोषणापूर्व नै कानुनतः नागरिकता अद्यावधिक गरेर फेरि उम्मेदवार हुन उनी योग्य भए । उनी पहिलोपटक माननीय हुँदा झुक्किएर भएका हुन् भन्ने कांग्रेस र एमालेका नेता तथा कार्यकर्ताको भनाइ हावादारी प्रमाणित भयो । किनकि दोस्रो पटक नचिताएको मत पाए । उनी राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति र चितवन-२ को माननीय छन् । तर, उनलाई अहिले पूर्वउपप्रधानमन्त्री भन्न मिल्ने कि नमिल्ने ? उनी माननीयका लागि मात्रै अयोग्य भएनन् । उनी उपप्रधानमन्त्री, गृहमन्त्रीका रूपमा पनि अयोग्य भए । उनी जरोविनाका फूल र फल भए । परिणामस्वरूप फूल फल सबै ओइलाए, गले, झरेका मात्रै होइन उपलब्धिको पूर्वसमेत लगाएर उच्चारण गर्न अदालतले प्रतिबन्ध लगाएको हो भन्ने बुझाइ ठीक वा बेठीक हो ? तार्किक र कानुनी उत्तर अपेक्षित छ । नेपालमा यस्ता घटनामा विगतका नजिर र प्राक्टिस दुवै नहुँदा यो आलेखवाला नै अन्योलमा छु । हुन त २००७ सालमा राणा सरकारले राजा बनाएका ज्ञानेन्द्रलाई वीरेन्द्रको वंशनास हुनुपूर्व कतै पूर्वराजा लेखिएन र भनिएन । अहिले रविलाई पूर्वउपप्रधानमन्त्री र पूर्वगृहमन्त्री भन्न मिल्ने कि नमिल्ने ? के भन्छ नियम र कानुनले ? उनी बोनाफाइड नागरिक नै नभएको समयमा पाएको पदलाई अदालतले ढिसमिस गरेकाले जिज्ञासु बनायो । यसलाई उठाउनु कौतुहलतालाई मेट्नु हो । विज्ञ, विशेषज्ञ जननिफकारबाट यसको चित्तबुझ्दो जवाफ पाउने आशासका साथ प्रश्न सार्वजनिक गरेको हुँ । वास्तविक र मर्मलाई आत्मसात गर्दै तथ्यपूर्ण, विश्वमा यस्तो विषयमा के प्राक्टिस छ सो जानिफकारबाट अपेक्षा गरेको छु । रवि लामिछानेलाई अदालतले माननीयका लागि किन अयोग्य भन्यो ? त्यसको मुख्य कारण उनले अमेरिकी नागरिकता परित्याग गरेको जानकारी नेपालको सम्बन्धित निकायलाई नगर्नु हो । यो उनको लापरबाही र गैरजिम्मेवारी हो । उनीप्रतिको जनताको विश्वसनीयता सधैं शंकाको घेरामा पर्‍यो । यो राजनेताका लागि दुर्भाग्यपूर्ण घटना भन्नुपर्छ । नेपाली राजनीतिमा जति जोगी आए पनि कान चिरेका भन्ने उखान चरितार्थ भयो । नागरिकताको विषयले रवि विवादित थिए ।

त्यसैबेला नागरिकताको विषयमा निर्वाचन आयोगमा उजुरीसमेत परेको थियो । आयोगले विज्ञ, विशेषज्ञलगायत सम्बन्धित निकायसँग समन्वय गरेर छानविन तहकिकात नगरीकन उम्मेदवार किन बनायो ? अदालतले रविको माननीयलाई रद्द गर्ने आधार नागरिकता भएकाले निर्वाचन आयोगले जटिल कानुनी प्रश्नलाई किन बेवास्ता गर्‍यो ? निर्वाचन आयोगको गम्भीर लापरबाहीले त्यस क्षेत्रका मतदाताले आधिकारिक नेपाली नागरिकता नभएको व्यक्तिलाई मतदान गर्न बाध्य पार्ने निर्वाचन आयोगको काम कसरी क्षम्य हुन्छ ? निर्वाचन आयोगले चितवन-२ का जनतासँग किन माफी नमाग्ने ? निर्वाचनमा भएको खर्च निर्वाचन आयोगका अध्यक्षलगायत अन्य पदाधिकारीबाट सरकारी बाँकीसरह किन असुल नगर्ने ? जसले गल्ती गर्‍यो ऊ कसरी दोषमुक्त भयो ? यो उपनिर्वाचनको कारण निर्वाचन आयोगको लापरबाही हो । लापरबाही गर्नेहरू किन दण्डित नहुने ? निर्वाचन आयोगको अपराधजन्य कूकृत्यप्रति सर्वोच्च अदालत किन बोलेन ? अर्को रहस्यको विषय बन्यो । यसमा रविभन्दा उम्मेदवारको योग्यताको परीक्षण नगर्ने निर्वाचन आयोग विशेष दोषी छ । निर्वाचन आयोग कसरी दोषमुक्त भयो ? आयोगको त्रुटि र लापरबाहीप्रति कानुन आकर्षित गर्ने काम किन अदालतले गरेन ? किन निर्वाचन आयोग यो प्रकरणमा दण्डित भएन ? नेपालमा नियुक्तिहरू सेटिङमा भएको सत्यलाई अदालतले निर्वाचन आयोगबारे मौन रहँदा कतै पुष्टि गरेको त होइन ? अदालतमा न्यायाधीशहरू पार्टीका कार्यकर्ता नियुक्त हुने व्यवस्थाले अदालतको निष्पक्षतालाई अपहरण गरेको छ । जहिलेदेखि अदालतमा निष्पक्षताको अपहरणको सुरुवात भयो यसले भ्रष्टाचार, कुशासन, विधिविहीनता, नातावाद र कृपावादलाई संस्थागत गर्‍यो । विधिको शासनप्रति जनतामा अविश्वासको जग बसाल्यो ।

रवि लामिछाने निर्वाचित हुनमा मुख्य दोषी निर्वाचन आयोग हो । अदालत मुख्यदोषी निर्वाचन आयोग बारे किन चुइक्क बोलेन ? खासगरी समानुपातिक पद्धतिका कारण निर्वाचमा कुनै दलको बहुमत नपुग्ने संवैधानिक अवस्था निर्माण गरेर दलका नेताहरूको मिलोमतोमा पालैपालो सरकारमा जाने र देश लुट्ने सहमतिले अहिले न्यायालय, प्रशासनलगायत जतातत्तै भ्रष्टाचार, अनियमितता, पक्षपात फैलिएको मात्रै छैन मौलाएको छ । रवि लामिछानेको उम्मेदवारी नै गैरकानुनी भएपछि सो निर्वाचनमा रवि लामिछाने पछि धेरै मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा यदि अदालतले गरेको भए पनि उपनिर्वाचनको खर्चको भार राज्यलाई पर्ने थिएन । अझ रविको ठाउँमा ठूला पार्टीको उम्मेदवार भएको भए सेटिङका न्यायाधीशहरूले नागरिकताको प्रक्रिया पुर्‍याएर तोकिएको म्यादसम्म नागरिकतालाई अद्यावधिक बनाउन आदेश दिन्थे होलान् । रविलाई नै नागरिकता अद्यावधिक गर्ने आदेश दिएको भए उपनिर्वाचनका कारण राज्यकोषको दुरुपयोग हुँदैनथ्यो । शक्तिमा हुनेहरूको इच्छानुसारका निर्णय के राजनीतिक र न्यायिक निर्णय हुन्छन् ? ती निर्णयमा कानुन आकर्षित नहुने पनि कानुनी राज्य हुन्छ ? राज्यकोषको लखनउ लुट गर्नेहरू कसरी राजनीतिज्ञ हुन्छन् ? फाँटमा ढलेको टौवाको पराल छाडा पशुहरूले मनमोजी खाएजस्तै जिम्मेवारीमा रहनेहरूले राज्यका साधनस्रोत लुट्ने कार्य पनि राजनीति हुन्छ ? संवैधानिक आयोगमा पार्टीका र आफ्ना मानिस भर्ना गर्ने र जतातत्तै नियम र कानुनलाई बेवास्ता गर्ने, लापरबाही गर्ने र सरकारका साधनस्रोतलाई फाँटमा ढलेको टौवाजस्तै आफू र आफ्नालाई पोस्ने छाडावाद र अराजकता हो प्रजातन्त्र ? यस्तै छाडातन्त्रमा विकास, समृद्धिका चर्को कुरा गर्ने जोकोही किन नहोस् जनता ठग्ने भाषा हो । त्यसैले छाडापनको खबरदारी गर्ने र होसियारी हुन सचेतनाको विकास नै समस्याको समाधान र समयको आवश्यकता होइन र ? ***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । | **तुला** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । |
| **वृष** : परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । शैक्षिक क्षेत्रको काम अघि बढ्नेछ । |
| **मिथुन** : प्रेममा मनमुटाव पनि आउन सक्छ, तर यात्राको योजना बन्नेछ । | **धनु** : सुखदुःख बराबरी मध्यम खालको दिन छ । इमान्दारीले काम बन्नेछ । |
| **कर्कट** : मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । | **मकर** : मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **सिंह** : धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। मेहनतले काम गरेमा सफल भइनेछ । | **कुम्भ** : समस्यामा अल्झनुपर्नेछ । अनावश्यक धन खर्च हुनेछ । |
| **कन्या** : परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **मीन** : बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । |




बाल निबन्ध — कमल रिजाल

# साधन र स्रोत



> *बिना स्रोत कुनै पनि चीज उत्पन्न हुनै सक्दैन । यस्तो अवस्थामा कतिपयलाई लाग्न सक्छ साधन छुट्टै हो, स्रोत छुट्टै हो । हो, सरसरती हेर्दा देखिने त्यही हो तर त्यो रूपमा मात्र हो सारमा होइन । सारमा त यही हो कि हरेक साधनको स्रोत ऊभित्रै रहेको हुन्छ । यसको अर्थ यही हो कि साधनको स्रोत पनि साधन नै हो । अर्थात् साधनको स्रोत साधनमै हुन्छ, साधनभित्रै हुन्छ । साधनले नै स्रोत बोकेर हिँडेको हुन्छ । समस्याभित्र साधन र साधनभित्र समाधान भएजस्तै साधनभित्रै स्रोत हुन्छ । यसलाई तपाई तलको उदाहरणबाट प्रस्ट हुन सक्नुहुन्छ । मानिलिनुस् तपाई खाना पकाउँदै हुनुहुन्छ । यहाँ खाना पकाउने साधन आगो हो । यद्यपि खाना पकाउन, खाना पाक्न भाँडो, चुलो, इन्धन सबै चाहिन्छ तर आगो बिना खाना पाक्दैन । ती सबै भएर पनि आगो भएन भने खाना काँच्चै हुन्छ, खान सकिन्न ।*

हामीलाई कुनै पनि काम सम्पन्न गर्न साधनको आवश्यकता पर्छ । साधन भएपछि स्रोत पनि हुने नै भए । बिना स्रोत कुनै पनि चीज उत्पन्न हुनै सक्दैन । यस्तो अवस्थामा कतिपयलाई लाग्न सक्छ साधन छुट्टै हो, स्रोत छुट्टै हो । हो, सरसरती हेर्दा देखिने त्यही हो तर त्यो रूपमा मात्र हो सारमा होइन । सारमा त यही हो कि हरेक साधनको स्रोत ऊभित्रै रहेको हुन्छ । यसको अर्थ यही हो कि साधनको स्रोत पनि साधन नै हो । अर्थात् साधनको स्रोत साधनमै हुन्छ, साधनभित्रै हुन्छ । साधनले नै स्रोत बोकेर हिँडेको हुन्छ । समस्याभित्र साधन र साधनभित्र समाधान भएजस्तै साधनभित्रै स्रोत हुन्छ । यसलाई तपाई तलको उदाहरणबाट प्रस्ट हुन सक्नुहुन्छ ।

मानिलिनुस् तपाई खाना पकाउँदै हुनुहुन्छ । यहाँ खाना पकाउने साधन आगो हो । यद्यपि खाना पकाउन, खाना पाक्न भाँडो, चुलो, इन्धन सबै चाहिन्छ तर आगो बिना खाना पाक्दैन । ती सबै भएर पनि आगो भएन भने खाना काँच्चै हुन्छ, खान सकिन्न । त्यसैले खाना पकाउने मामिलामा आगो नै मूल साधन हो । अब भन्नुस् आगोको स्रोत चाहिँ के होला त ? उत्तर सहज छ आगोको स्रोत आगो नै हो । आगोबाट उसको उत्पत्ति हुन्छ र काम सकिएपछि आगोमै पुगेर समाधिस्थ हुन्छ । त्यसैले जहाँ चाहिन्छ त्यहीँ र जति बेला चाहिन्छ त्यति नै बेला उसलाई प्रकट गर्न सक्नुहुन्छ । आगो भन्ने चीज हावा, पानी, माटो, पहाड, पत्थर, बोट, बिरुवा, वनस्पति जताततै हुन्छ । यस अर्थमा तिनीहरू नै स्रोत हुन् कि जस्तो लाग्न पनि सक्छ तर यो पनि रूपमा मात्र हो, सारमा होइन । हो, स्थूल आँखाले हेर्दा देखिने त्यही हो तर सूक्ष्म रूपमा केलाउनुभयो भने जहाँ रहेका भए पनि आगोको स्रोत आगो नै पाउनुहुनेछ । यसैबाट प्रस्ट हुन्छ कि तपाइँको खाना बनाउने वा खाना पकाउने आगोको स्रोत आगो नै हो ।

यसलाई अर्को उदाहरणबाट अझ थप प्रस्ट हुन सक्नुहुन्छ । मानिलिनुस् तपाई कृषक हुनुहुन्छ, अथवा माली पनि हुन सक्नुहुन्छ । तपाईलाई पानीको आवश्यकता पर्‍यो । वर्षातको मौसम भए त आकाशबाट पनि बर्सेला तर जहिले पायो तहिले पानी बर्सँदैन, बर्सने कुरै हुँदैन । तथापि तपाइँलाई पानी त जुनसुकै मौसममा पनि चाहिन्छ नि होइन र ? त्यतिबेला के गर्नु हुन्छ ? सकिन्छ, सम्भव हुन्छ भने नजिकैको खोलाबाट कुलो काटेर ल्याउनुहोला । त्यो सम्भव छैन भने बोकेर ल्याएर भए पनि अन्नपात, बोटबिरुवामा हाल्नुहुन्छ होला, यही होइन ? हो यतिबेला अन्नपात, फलफूल, बोट बिरुवा उमार्न पानी साधन भयो । अब भन्नुस् उसको स्रोत चाहिँ के होला त ? प्रस्टै छ पानीको स्रोत पानी नै हो । ऊ पानीबाटै उत्पन्न हुन्छ, काम सकिएपछि पानीमै पुगेर हराउँछ, बिलाउँछ, समाधिस्थ हुन्छ । तपाइँले जसरी ल्याउनुभएको भए पनि, कुलो काटेर ल्याउनुभएको भए पनि र बोकेर ल्याउनुभएको भए पनि ऊ पानीबाट आउँछ र काम सकिएपछि पानीमै जान्छ । किनकि उसको गन्तव्य पानी नै हो, पानी नै हुन्छ । मानिलिनुस् तपाईले पानी ल्याउनुभयो । अन्न उमार्नुभयो, बगैँचा सजाउनुभयो । पानी अन्नको दानामा घुस्यो, बोट, बिरुवामा घुस्यो, फलफूलको दानमा घुस्यो । तपाइँले खानुभयो, अन्न पचाउनुभयो, फलफूल पचाउनुभयो तर त्यसभित्र रहेको पानी पचाउनुभएन, पचाउन सक्नुभएन । यस्तो अवस्थामा ऊ काम छउन्जेल तपाइँको शरीरभित्रै रहन्छ । अनि काम तमाम भएपछि कुनै पनि तरिकाले तपाइँको शरीरबाट निस्केर बाहिर आउँछ र आफ्नै मूलरूपमा पुगेर समाधिस्थ हुन्छ । अनि जतिबेला चाहिन्छ त्यति नै बेला पुनः अवस्था अनुसार प्रकट भएर अर्को काम गर्नतिर लाग्छ । यसबाट पनि यही प्रस्ट हुन्छ कि पानीको स्रोत पानी नै हो ।

हामीलाई थाहा छ हावा सबैलाई चाहिने कुरा हो । हावा बिना कसैको पनि जीवन चल्दैन, बन्दैन, बन्न सक्दैन । हावामा स्पन्दन हुन्छ, सोही स्पन्दनले जीवन सम्भव गराउँछ । जे होस् तपाईलाई आफू हुन, आफूलाई बचाउन यहाँ हावा साधन भयो । अब भन्नुस् त्यही हावाको स्रोत चाहिँ के होला त ? ढुङ्गा, माटो, रुख, बिरुवा, वनस्पति आदिमा पनि हावा घुसेको हुन्छ । यस अर्थमा तिनीहरू नै स्रोत हुन् कि जस्तो लाग्न पनि सक्छ तर यो पनि रूपमा मात्र हो, सारमा होइन सारको कुरा गर्नुहुन्छ भने हावाको स्रोत हावा नै हो । हावाबाटै उत्पन्न हुन्छ, काम फत्ते भएपछि हावामै पुगेर बिलाउँछ । तपाईलाई हावा चाहियो । खान, बस्न, उठ्न, सुत्न, निदाउन, खाएको पचाउन, हिँड्न, हाई गर्न, आँखा झिम्क्याउन, हरेक काममा हावा नभई भएन । यतिबेला उसलाई हावाबाटै प्रकट गर्नुभयो अथवा भनौँ हावाबाटै आयो तर उसलाई सधैँ रोकेर राख्न भने सक्नुहुन्न । मरिकाटे सकिन्न, जसको रूपै देखिएको छैन कसरी राख्ने ।

यसको अर्थ हो तपाइँलाई चाहिएको बेला ऊ आउँछ, काम सकिएपछि पुनः हावामै पुगेर हराउँछ । अब यहाँ पनि तपाई नै भन्नुस् हावाको स्रोत के होला त ? यही नै कि हावाको स्रोत पनि हावा नै त होला । हावाबाटै आयो हावामै पुगेर समाधिस्थ भयो । यी केही उदाहरण हुन् । हरेक क्षेत्रमा यही नियमले काम गरेको हुन्छ । यसरी एकएक गरी केलाउँदै जानुभयो भने समस्या पनि आफैँभित्र पाउनुहुनेछ । अनि साधन र स्रोत पनि आफैँभित्र पाउनुहुनेछ । मात्र मनमा अठोट हुनुपर्छ साधन र स्रोतको कमी हुने छैन, हुनै सक्दैन ।

*-रातोपाटी डटकम*

विचार — कृष्णप्रसाद पराजुली

# विद्यार्थीमा पठन संस्कृति किन हुनुपर्छ ?



शिक्षाको महत्त्व समयक्रमसँगै बढ्दो छ । शिक्षाबिनाको समाज अन्धकार हुन्छ र किताब बिनाको समाज चेतना विहीन हुन्छ भन्ने कुरा हिजो पनि उत्तिकै सान्दर्भिक थियो र त्यो आज झन् बढेर गएको छ । "यदि कुनै पनि देशलाई ध्वस्त बनाउनु छ भने त्यहाँ कुनै बम वा मिसाइल प्रहार गर्नु पर्दैन, केवल त्यहाँको शिक्षालाई बिगार गरिदिए पुग्छ" भन्ने एकजना विद्वानको भनाइले पनि शिक्षाको महत्त्व कति रहेछ भन्ने कुरालाई संकेत गर्दछ । आजको चर्को प्रतिस्पर्धात्मक जमानामा हाम्रो शिक्षा पनि अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय हुनुपर्छ । यदि त्यसो हुन सकेन भने विकासका हरेक चरणमा हामी पछाडि पर्छौं । हामी कुनै एक व्यक्ति मात्र पछाडि पर्दैनौ समग्र समाज र देशनै पछाडि पर्छ । शिक्षा गुणस्तरयुक्त र प्रतिस्पर्धी त हुनुपर्छ नै त्यसबाहेक शिक्षाले बालबालिकामा अनुशासन, नैतिकता, असल आचरण, देश प्रेम, संस्कृतिको जगेर्ना र कानुन पालन गर्ने संस्कार पनि सिकाउनुपर्छ । तब मात्र त्यो समाज वा राष्ट्र समुन्नत र संस्कार युक्त बन्न सक्छ ।

वास्तवमा समाजको चेतनाको स्तर हाम्रो पठन संस्कृतिले निर्धारण गरेको हुन्छ । पठन संस्कृति निर्माणको लागि हामीले किताब पढ्ने गर्नुपर्छ । पुस्तक पढेर जति धेरै ज्ञान अन्यत्रबाट आर्जन गर्न सकिँदैन । पुस्तक कागज र अक्षरहरूको संग्रह मात्रै होइन । यो त ज्ञानको विश्वविद्यालय हो । पुस्तक हाम्रो जीवनलाई सरल र सहज बनाउने जीवन निर्देशिका पनि हो । वास्तवमा पुस्तकमा जीवन पनि हुन्छ । त्यसैले त एक प्रसिद्ध उपन्यासकार जर्ज आर आर मार्टिनले भनेका छन् "एउटा पाठक मर्नु अघि उसले एक हजार जीवन जिएको हुन्छ र कहिल्यै नपढ्ने मान्छेले एउटै मात्र जीवन जिउँछ" । पुस्तक अध्ययनले जीवन जिउने कला मात्र सिकाउँदैन, व्यक्तिको चरित्र निर्माण गर्न पनि सहयोग गर्छ । पुस्तक पढ्ने समाज चरित्रवान्, सुसंस्कृत, सभ्य र अनुशासित हुन्छ ।

एक प्रख्यात अंग्रेजी साहित्यकार जोसेफ एडिसनले भनेका छन्- "Reading is to the mind what exercise is to the body" ("रिडिङ इज टु द माइन्ड ह्वाट एक्ससाईज इज टु त बडी") अर्थात् शारीरिक तन्दुरुस्तीका लागि व्यायाम जरुरी भए जस्तै दिमागको तन्दुरुस्ती र सक्रियताको लागि पढाइ आवश्यक छ । जसरी व्यायामले हाम्रो शरीरलाई स्वस्थ र तन्दुरुस्त बनाउँछ, ठिक त्यसै गरी पुस्तक पढेर हाम्रो मन मस्तिष्क स्वस्थ र आनन्दमय बन्न सक्छ । रोग होस वा भोक, फुर्सद होस वा व्यस्तता, अनुकूल परिस्थिति होस वा प्रतिकुल परिस्थिति, अभाव होस वा सम्पन्नता, धनी होस वा गरिब सबै अवस्थामा पुस्तक आनन्द, प्रेरणा र ऊर्जाको स्रोत बन्न पुग्छ । पुस्तक अध्ययनको फाइदा वा गुणको बखान जति गरे पनि सकिँदैन । किनकि यसको फाइदा बखान गर्न नसकिने छ । तर समाजमा अहिले पठन संस्कृति हराउँदै गएको छ । पछिल्लो समय मोबाइल तथा इन्टरनेटको सहज पहुँचका कारण गाउँगाउँमा सामाजिक सञ्जाल (फेसबुक, टिकटक, अनलाइन गेम, युट्युब) को पहुँच बढ्दै जाँदा हामी सबै त्यसैमा रमाउन थालेका छौं । केही समयको लागि क्षणिक मनोरञ्जन दिने उपकरणको प्रयोगमा लिप्त हुँदै जाँदा जीवनको मार्ग देखाउने पुस्तक पढ्ने संस्कृतिमा ह्रास आइरहेको छ । हुन त यस्ता सामाजिक सञ्जालको प्रयोग सही ढंगले गर्न सक्ने हो भने धेरै कुराहरूको ज्ञान हासिल हुन सक्छ र सञ्जालको प्रयोग बाट पनि आफ्नो पठन-पाठन र ज्ञानको दायरालाई बढाउन सकिन्छ तर सस्तो प्रचार, लोकप्रियता र व्यावसायिक उद्देश्यका साथ सनसनीपूर्ण तरिकाले सञ्जालमा आउने विषयहरूको बढ्दो भेलले हामीलाई त्यतै डोर्‍याइरहेको छ । कहिलेकाहीँ त हामी के ठिक र के बेठिक भन्न समेत छुट्याउन नसक्ने अवस्थामा पुगेका छौं । र यस्तै कुराहरूको पछाडि लाग्दा हामी मानसिक रूपमा समेत कमजोर बनिरहेका छौ । सामाजिक सञ्जालमा रमाउँदै गर्दा हामीलाई एउटा किताब पढ्न समेत निकै अल्छी लाग्न थालेको छ । हामी सबैले घरमा खाने खाद्यान्नदेखि लगाउने लत्ताकपडासम्म, इन्टरनेटदेखि मोबाइलमा राख्ने ब्यालेन्ससम्मका लागि नियमित बजेट विनियोजन गर्छौं । फेरी फेरी कपडा लगाउन हामीसँग पैसा हुन्छ तर किताब खरिद गर्न हामीमध्ये कमैले मात्र बजेट छुट्टाउँछौ । किताब पनि किनेर पढ्ने हो र ? भन्ने मानसिकता हामीमा रहेको छ । घरमा अभिभावकले पनि आफ्ना बच्चाहरूको लागि पुस्तक पढ भनेर उपलब्ध गराइदिने चलन सामान्यतया छैन । तर मोबाइल वा ग्याजेट वा उनीहरूका अन्य आवश्यकता भने तुरुन्तै पुरा गरिदिने गर्छौं । एकातिर आफ्ना सन्तानलाई किताबको महत्त्व अभिभावकले दर्साउन नसक्नु वा बुझाउन सक्ने ज्ञान नुहुनु, विद्यार्थी स्वयम् पढ्न जागरूक नुहुन र विद्यालयले पनि पाठ्यक्रम भन्दा बाहिरका किताब पढ्न पर्छ भन्ने ज्ञान दिन नसक्दा किताब पढ्ने भनेको केबल कक्षा उत्तीर्ण हुने साधन मात्र हो र यस्ता किताबहरू पढ्न गाह्रो हुन्छ भन्ने मनोभावना अभिवृद्धि भएको पाइन्छ ।


विद्यार्थी भनेको अध्ययन गर्ने वर्ग हो, जो नियमित रूपमा विद्या आर्जनमा लागिरहन्छ । आज तपाइँ हामीले धेरै मिहिनेत गरेर अध्ययन गर्‍यौ भने मात्र भविष्यमा सफल र सक्षम नागरिक बन्न सक्छौ । देशको समृद्धि र विकासमा आफ्नो महत्त्वपूर्ण योगदान दिन सक्छौ । त्यसैले हामीले पुस्तक पढ्न कहिल्यै पनि अल्छी मान्नु हुँदैन । मनोरञ्जन मानेर पुस्तक पढ्न सकियो भने पढ्दा निकै आनन्द महशुस हुन्छ । मानिसका सोचाई, विचार, आवेग वा उत्तेजना तथा संवेदनाहरूलाई बुझ्न पुस्तक पढ्नुपर्छ । पुस्तक पढ्नु भनेको केबल किताबमा भएका कुरा रटेर कक्षा उत्तीर्ण हुनु मात्र होइन । जीवनको मूल्य बुझ्न सकिएन भने क्लास फस्ट भएर मात्रै केही अर्थ हुँदैन । त्यसैले जीवनको मूल्य बुझ्न, अनुशासित बन्न तथा चिन्तन संस्कृतिको विकास गर्न पुस्तक पढ्ने गर्नुपर्छ । कहिलेकाहीँ हामीलाई निकै मानसिक तनाव तथा समस्या हुनसक्छ । यस्तो अवस्थामा पुस्तक पढियो भने तनाव बाट समेत मुक्त हुन सकिन्छ । पुस्तकले तपाइँ हाम्रो सिर्जनशील र कल्पनाशील क्षमता पनि बढाउँछ । त्यसैले नियमित रूपमा समय छुट्टाएर पुस्तक पढ्ने बानीको विकास गर्नुपर्छ । फुर्सदको समयमा पनि फेसबुक तथा सामाजिक सञ्जाल चलाउनुको साटो पुस्तक पढ्ने बानीको विकास गर्नुपर्छ । विश्वका महान् मानिएका व्यक्तिहरू पुस्तक पढेरै महान् बनेका हुन् । उदाहरणको लागि अमेरिकाका पूर्व राष्ट्रपति अब्राह्म लिङ्कनले पुस्तकहरू निकै पढ्ने गर्थे । विश्वविख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले पनि पुस्तकलाई निकै माया गर्थे । विश्वका सबैभन्दा धनी मध्येका एक बिल गेट्सले वर्षभरिमा ५० वटा पुस्तकहरू पढ्ने गर्छन् । अर्का धनी व्यक्ति वारेन बफेटले प्रत्येक दिन ५ देखि ६ घण्टा पढेरै बिताउँछन् । उनले प्रत्येक दिन ५०० पेज बराबरको किताब वा पत्रपत्रिका पढ्ने गर्छन् । मंगल ग्रहमा बस्ती बसाल्ने योजना बनाएर काम गरिरहेका टेस्ला कम्पनीका सिइओ तथा विश्वचर्चित व्यक्ति एलोन मस्कले रकेट साइन्सको कल्पना र खोज पुस्तक पढेरै गरेका हुन् । उनले बच्चा अवस्थामै इन्साईकोलोपेडिया ब्रिटानिका (Encyclopedia Britannica) नामक ठुलो विश्वकोष पढेर सकेका थिए । १७ वर्षको कलिलो उमेरमै विश्व विख्यात नोबेल शान्ति पुरस्कार पाउन सफल पाकिस्तानी नारी मलला युसुफजाईले बालिकाहरूलाई राज्यले शिक्षामा अवसर दिनुपर्छ र बालिकाहरूले पनि पढ्न पाउनुपर्छ भन्ने अभियान चलाएकै कारण १५ वर्षको उमेरमा तालिबानको गोली खानु परेको थियो । उनले आफ्नो ज्यानलाई जोखिममा राखेरै भए पनि बालिकाहरूलाई पढ्न प्रेरित गरिन र अहिलेसम्म पनि बालिका शिक्षाको क्षेत्रमा लागि काम गरिरहेकी छन् । नेपालमा समेत पूर्व प्रधानमन्त्री केपी शर्मा ओली जेल जीवनमा रहँदा हजारौं किताब पढेका थिए भन्ने कुरा उहाँले विभिन्न अन्तर्वार्ताहरूमा बताउनुभएको छ । त्यसैले नेता होस वा अभिनेता, वैज्ञानिक होस वा समाज सुधारक सबैले आफ्नो व्यस्त समयका बाबजुद पनि पढाइलाई जीवनको अभिन्न अंक बनाएका हुन्छन् । त्यसैले त उनीहरू सफल छन् ।

तपाई हाम्रो अभिभावकसँग आर्थिक अभावको कारण किताब किन्दिन सक्ने अवस्था नहुन पनि सक्छ । उहाँहरूले चाहँदा चाहँदै पनि हामीलाई चाहिएको र पढ्न मन लागेको पुस्तक किन्दिन उहाँहरूसँग पैसा नहुनु सक्छ ।त्यसैले हामीले हाम्रो क्षमता बढाउन तथा अतिरिक्त ज्ञान आर्जन गर्नको लागि विद्यालयको पुस्तकालय वा सार्वजनिक पुस्तकालयको प्रयोग गर्नुपर्ने हुन्छ । विद्यालयको पुस्तकालय तथा सार्वजनिक पुस्तकालयमा प्रशस्त पुस्तकहरू भयो भने मात्र हामीले चाहेको किताबहरू रोजेर पढ्न सक्छौ । त्यसैले हामीले पढ्ने विद्यालय वा हामी बस्ने वरपर सार्वजनिक पुस्तकालय भए नभएको, भएको भए पर्याप्त किताब भए नभएको ख्याल गरेर यस्ता पुस्तकालयहरूबाट किताब छानेर पढ्ने बानी बसाल्नुपर्छ । यदि हामीले पढ्ने विद्यालयमा पुस्तकालय छैन भने विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा आफूलाई पढाउने गुरुहरूलाई विद्यालयमा पुस्तकालय निर्माण गर्न आग्रह गर्नुपर्छ । आफूले पढ्ने विद्यालयमा सुविधा सम्पन्न पुस्तकालय स्थापना गर्न आफू बसेको स्थानीय तहका पदाधिकारीहरू तथा स्थानीय सरकारलाई पनि आग्रह गर्नुपर्छ ।

*-साहित्यपोष्ट डटकम*

## गुल्मी काँग्रेसले सरकारलाई भन्यो
# 'राहत र विपद् पूर्व तयारीमा ध्यान देऊ'

**पाल्पा,** असार २०/नेपाली काँग्रेस गुल्मीले निरन्तर परेको अविरल वर्षाले आएको बाढीपहिरोबाट विस्थापित भएका परिवारलाई राहत र विपद् पूर्व तयारीमा ध्यान दिन प्रदेश र संघीय सरकारलाई आग्रह गरेको छ । वर्षाका कारण जिल्लाका विभिन्न ग्रामीण क्षेत्रहरुमा बाढी र पहिरोले क्षति पुऱ्याएकोप्रति सरकारको ध्यानाकर्षण गराउदै काँग्रेसले राहत र क्षति हुनबाट बचाउन पूर्व तयारी गर्न आग्रह गरेको हो ।




काँग्रेसले बुधबार एक विज्ञप्ति जारी गर्दै एक सातादेखि परेको अविरल वर्षाबाट पहिरो र बाढीका विभिन्न घटनाहरु भएको र त्यसबाट क्षति समेत भएकाले त्यसतर्फ ध्यान दिन सरकारको ध्यानाकर्षण गराएको छ । उसले जिल्लाको कालीगण्डकी गाउँपालिकाको केन्द्र पूर्तिघाट बजारमा पहिरोका कारण केही घरहरु विस्थापित भएको बताएको छ । कालीगण्डकी करिडोरको सडक चौडा गर्ने काम भईरहेको अवस्थामा बजार माथिबाट झरेको पहिरोले स्थानीय खड्गबहादुर सार्की, टेकबहादुर बुढा, खिलाबहादुर बुढा, गोपाल पराजुली लगायतका स्थानीयहरुको घरपरिवार विस्थापित भएकाले उनीहरुलाई उचित राहतको व्यवस्था गर्न काँग्रेस जिल्ला सभापति खिलध्वज पन्थीद्वारा जारी विज्ञप्तिमार्फत प्रदेश र संघीय सरकारसमक्ष अपिल गरिएको छ । पहिरोका कारण विद्युत पोल समेत बगाएकाले त्यस क्षेत्रमा विद्युत सेवा पूर्णरुपमा अवरुद्ध भएको समेत विज्ञप्तिमा उल्लेख छ ।

विद्युत प्रशारण लाइनको बजार क्षेत्र र आसपासका क्षेत्रमा विद्युत सप्लाई भइरहेको ट्रान्सफार्मरको वेस पोल समेत ढलेका कारण ट्रान्सफार्मर स्थानान्तरण नगर्दासम्म विद्युत सुचारु हुने अवस्था नभएको बताइएको छ । विद्युत अवरुद्ध हुँदा गाउँपालिका, सरकारी कार्यालय, वित्तीय संस्था, शिक्षण संस्था, गैरसरकारी संस्था, व्यवसायी तथा आमनागरिकहरुले सास्ती व्यहोर्नुपरेको भन्दै यसतर्फ तत्काल प्रदेश र संघीय सरकारले ध्यान दिनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

'विस्थापित परिवारलाई तत्काल राहत र थप क्षति हुनबाट बच्ने उपाय अवलम्बनका लागि संघीय तथा प्रदेश सरकार, जिल्ला दैवी प्रकोप समिति, नेपाल रेडक्रस सोसाईटी र सम्बन्धित सरोकारवाला निकायसँग नेपाली काँग्रेस गुल्मी हार्दिक अपिल गर्दछ' विज्ञप्तिमा भनिएको छ । काँग्रेसले बर्खा सुरु भएकाले विपद्का ठूला घटनाहरु हुन सक्नेप्रति सचेत गराउँदै विपद् हुनबाट बच्न पूर्व तयारी अवलम्बन गर्न समेत प्रदेश र संघीय सरकारलाई आग्रह गरेको छ ।

# रामपुरका कृषकलाई उन्नत घाँसको विरुवा

**पाल्पा,** असार २०/जिल्लाको रामपुर नगरपालिकाले नगर भित्रका कृषकलाई उन्नत जातको घाँसको विरुवा वितरण गरेको छ । नगर सरकारले रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत गठन भएका स्वावलम्बन समूह र युवा समूहलाई घाँसको विरुवा वितरण गरेको हो ।



नगर उपप्रमुख बालकुमारी थापाले समूहमार्फत कृषकलाई घाँसको विरुवा वितरण गरेकी हुन् । विरुवा वितरण गर्दै उपप्रमुख थापाले व्यवसायिक रुपमा पशुपालनका लागि घाँसको सहि सदुपयोग गरी उत्पादनमा वृद्धि गर्न आग्रह गरिन् । उनले नगरलाई मासुमा आत्मनिर्भर बनाउने गरी आफूहरु अगाडि बढेको बताइन् । उपप्रमुख थापाले भनिन् 'घाँसको अधिकतम उपयोग गरी धेरै भन्दा धेरै भैसी, बाखा पाल्नुहोस्, यसले आर्थिक उपार्जन गर्न ठूलो टेवा पुऱ्याउँछ ।' उनले पशुपालनका लागि परियोजनामार्फत बाखाको माउ र व्याडे बाखा वितरण गर्दै आएको समेत बताइन् । थापाले उद्यमशलिता कार्यक्रमलाई अझ परिस्कृत गर्दै लैजाने प्रतिवद्धता व्यक्त गरिन् ।

कार्यक्रममा रामपुर नगरपालिका ५ का वडा अध्यक्ष दुर्गाप्रसाद पोखरेलले पशुपालक कृषकका लागि नगरले गरेको लगानी खेर नजाने गरी पशुपालनमा लाग्न आग्रह गरे । कार्यक्रममा नगर भित्रका ५१ समूहका सदस्यहरुलाई ५ प्रकारका उन्नत जातका घाँसको विरुवा वितरण गरिएको छ । रामपुर वडा अध्यक्ष दुर्गाप्रसाद पोखरेलको अध्यक्षता, रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाका संयोजक सन्जु परियारको स्वागत, समुदाय सहजकर्ता सुस्मा आलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# प्रविधिले गोरू...

...राज्यले कृषि व्यवसायलाई जोड दिएर विभिन्न कृषिजन्य औजार, उपकरणमा अनुदान सहयोग, गाउँ-गाउँमा प्रविधिको प्रयोग गरेर खेती गर्न प्रोत्साहन गरिएपछि आधुनिक प्रविधिमा किसान आकर्षित भएको रामपुर नगरपालिकाका कृषि शाखाप्रमुख रामहरि पाण्डेय बताउँछन् ।

गाउँ-गाउँमा ट्याक्टर, पावर टिलर, मिनिटिलर भित्रन थालेपछि गोरूले खेत रोप्ने चलन हट्दै गएको हो । गोरू पाल्न झन्झट र वर्ष दिनभरि पाल्नुपर्ने हुँदा पनि गोरू पाल्ने, गोठाला जाने प्रचलन गाउँघरमा कमै मात्रामा छ । गाउँका पाखा, पखेरा, भिराला जमिनमा मिनिटिलरबाट बारीहरू रोप्ने सुविधा पुगेपछि दिनभर गोरूले जोतेर खेती गर्ने चलन अहिले कम हुँदै गएको निस्दी गाउँपालिका-४ मित्यालका धनबहादुर ठाडाले बताए ।

जिल्लामा बढ्दो यान्त्रिकीकरणको विकास र प्रयोगले काम गरेर खाने श्रमिक, मजदुरहरू विस्थापित हुन पुगेका छन् । कृषि र अन्य क्षेत्रमा विभिन्न यान्त्रिकीकरणको प्रयोग हुन थालेपछि ज्यालादारीमा काम गरेर जीवन गुजारा गर्ने सयौं श्रमिक, मजदुरहरूको आम्दानीको स्रोत नै गुमेको छ ।

परम्परागत कृषि औजारका सट्टा खनजोत गर्ने हाते ट्याक्टर, पावर टिलर, बीउ रोप्ने मेसिन, धान काट्ने मेसिन, गहुँ ठटाउने, धान झाट्ने मेसिनको बढ्दो प्रयोग हुन थालेपछि कृषि व्यवसायमा आबद्ध कृषि मजदुर विस्थापित हुन पुगेका हुन् ।

## खेलकुद समाचार
# भारतीय क्रिकेटको नयाँ जिम्मेबारीमा अजित




**काठमाडौं,** असार २०/भारतीय पुरुष क्रिकेट टोलीको प्रमुख चयनकर्तामा पूर्वखेलाडी अजित अगारकर नियुक्त भएका छन् । पूर्वअन्तर्राष्ट्रिय खेलाडी अगारकर आफ्नो समयका चर्चित तिव्रगतिका बलर हुन् । प्रमुख चयनकर्ताको पद गत फेब्रुअरीदेखि रिक्त थियो । तात्कालिन प्रमुख चयनकर्ता चेतन शर्मा बर्खास्तीमा परेका थिए । पाँच सदस्यीय छनोट समितिका अन्य सदस्य भने यसअघि नै नियुक्त भइसकेको समाचारमा जनाइएको छ । छनोट समितिको अन्य चार सदस्यमा शिवसुन्दर दास, सलिल अंकोला, सुब्रोतो बनर्जी र एस। सारथ रहेका छन् ।

अगारकरलाई सबैभन्दा जेष्ठ सदस्यको रुपमा अध्यक्ष पदक दिइएको भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले जनाएको छ । पाँच सदस्यीय छनोट समितिमा जेष्ठ सदस्यलाई अध्यक्ष बनाउने नियम रहेको छ । ४५ वर्षीय अगारकरले आफ्नो सक्रिय खेलजीवनमा भारतका लागि २६ टेस्ट खेलेका थिए । यसका अतिरिक्त उनले एक सय ९१ वटा एकदिवसीय प्रतियोगितामा पनि सहभागिता जनाएका थिए । अगारकरको नेतृत्वमा पहिलो पटक टीट्वान्टी टोलीको छनोट हुनेछ । आगामी अगस्तमा भारतले वेस्ट इन्डिजसँग पाँच खेलको टीट्वान्टी शृंखला खेल्दैछ । उक्त शृंखलाको पहिलो खेल ३ तारिखमा खेलिने छ । त्यो शृंखला खेल्ने भारतीय टोलीको चयन अगारकर नेतृत्वको छनोट समितिले गर्नेछ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार
# नेप्सेमा फेरी गिरावट

**पाल्पा,** असार २०/नेप्से परिसूचकमा फेरी उच्च अंकको गिरावट देखिएको छ । साताको पहिलो र दोस्रो दिन गिरावट आएको नेप्सेमा बुधबार फेरी ३९ दशमलव २६ अंकले घटेर दुई हजार ४९ दशमलव २६ अंकमा सीमित भएको हो ।

विभिन्न कम्पनीका दुई सय ७७ वटा कम्पनीको ८० लाख ९२ हजार नौ सय ६९ कित्ता शेयर ५३ हजार एक सय तीन पटक खरिदबिक्री हुँदा रू तीन अर्ब सात करोड ३९ लाख ९२ हजार एक सय ३६ बराबरको कारोबार भएको छ । बुधबारको कारोबारमा सेन्सेटिभ र फ्लोट इन्डेक्ससहित सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक चार सय नौ दशमलव ७६ र निर्जीवन बीमा समूहको उपसूचक तीन सय १० दशमलव ८५ अंकले घटेको छ । बैंकिङ समूह १० दशमलव ९९, विकास बैंक ६३ दशमलव २९, वित्त समूह २० दशमलव ०४, होटल तथा पर्यटन समूह ८८ दशमलव २८, जलविद्युत् समूह ५६ दशमलव ३६ अंकले घटेको छ । त्यस्तै, लगानी एक दशमलव ६०, उत्पादन तथा प्रशोधन एक सय पाँच दशमलव ८०, लघुवित्त ८६, म्युचअल फन्ड शून्य दशमलव ०३, व्यापार समूह ३२ दशमलव १५ र अन्य समूह ३६ दशमलव ६९ अंकले घटेको छ । सिटी होटल लिमिटेड र रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने बिपिडब्ल्यु लघुवित्त वित्तीय संस्था लिमिटेड र मोदी इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज शिवम् सिमेन्ट लिमिटेडको रू १६ करोड ४९ लाख १२ हजार पाँच सय ९६ बराबरको दुई लाख ७६ हजार तीन सय २० कित्ता शेयर किनबेच भएको छ ।

# मानवअधिकार वर्ष...

मानवअधिकार क्षेत्रको दायरा ठूलो रहेकाले कुनै विषयवस्तुमा केन्द्रित रहेर कार्यक्रम गर्दा बढी प्रभावकारी हुने उनीहरुले बताए । सहभागीहरुले अहिले बिमाबाट उपचार गराउँदा ३ दिनसम्म समय खर्चिनु परेको, नागरिक तथा संघ संस्थाको अनुगमन राज्यले गर्ने तथा राज्यबाट लापरवाही हुँदा कसले अनुगमन गर्ने ? पाल्पामा बजार अनुगमन नभएको, तानसेनमा बर्षायाममा पनि खानेपानीको समस्या देखिएको महिला, बालबालिका, अपाङ्ग जेष्ठ नागरिकहरु हरेक विषयवस्तुमा पिडित बन्नु परेको कार्यक्रममा सहभागीहरुले गुनासो गरे । कार्यक्रममा जिल्ला समन्वय समितिका उप प्रमुख काशिका गैरेले राज्य, नागरिक मिलेर नै मानवअधिकारको रक्षा र कार्यान्वयन गर्न सकिने बताईन् । हरेक नागरिकले मानवअधिकार हनन् हुने गरी काम नगर्ने र अरुलाई पनि सचेत बनाउँदै जानुपर्नेमा उप प्रमुख गैरेले जोड दिइन । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाले छलफलमा धैरै राम्रा कुराहरु आएको बताए । उनले सबैपक्षले आ-आफ्नो क्षेत्रबाट कार्यान्वयन गर्दै जानुपर्नेमा जोड दिए । इन्सेकले मानवअधिकारका क्षेत्रमा गरेका कामहरु राम्रा र सकारात्मक भएकाले समीक्षाको दायरा बढाउदै जानुपर्नेमा प्रजिअ बास्तोलाले बताए । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक हेरम्ब शर्माले कार्यालयबाट दिएका सेवा, भएका कामहरुको बारेमा जानकारी गराएका थिए । कार्यक्रममा इन्सेक पाल्पा प्रतिनिधी यज्ञमुर्ती तिमिल्सीनाले फागुनदेखी असारसम्म जिल्ला भित्रको मानवअधिकारको अवस्था बारे प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा ६ महिनाको अवधीमा ४४ वटा घटना मानवअधिकार उलङ्घनका घटना भएको जसमा ५ जना महिला र ५ जना बालबालिका प्रत्यक्ष पिडित रहेको उल्लेख गरिएको छ । कार्यक्रम मावअधिकार रक्षक सञ्जाल पाल्पाका अध्यक्ष भगवान भण्डारीको अध्यक्षतामा भएको थियो ।

# हार्दिक समवेदना



जन्म
वि.सं. २००४/०७/०५

स्वर्गारोहण
वि.सं. २०८०/०३/१३

**स्व.नैनाकला सोमै**


यस जनज्योती लाङ्घाली गुठीका सदस्यका पिता नरबहादुर सोमैको धर्मपत्नी, कुल बहादुर सोमै, इन्द्र बहादुर सोमैको ममतामयी माता तथा सानु सोमै र सरुपा सोमैको सासुआमा **नैनाकला सोमै**को यही मिति २०८० असार १३ गते बुधबारको दिन ७६ वर्षको उमेरमा भएको असामयिक निधनले यस गुठी परिवार स्तब्ध भएको छ । यस दुःखद् घडीको आज ९ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | |
|---|---|---|
| देव बहादुर आले<br>कोषाध्यक्ष | गुन बहादुर कनौजे<br>सचिव | मान बहादुर खाम्चा<br>अध्यक्ष |

एवं

**जनज्योती लाङ्घाली गुठी परिवार**
तानसेन-२, मेहलधारा, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई